महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone : 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

डोर मुकाम : रोल्पा

पत्र संख्या: २०७५।७६
च.नं. ३८

मिति: २०७५।५।२२

विषय: **लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यू,
गंगादिव कार्यपालिकाको कार्यालय,
सानडाँडा, रोल्पा ।

लेखापरीक्षण ऐन, २०४८ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७४।७५ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७५।५।२० मा छलफल पश्चात् तयार गरिएको पाना ११(एघार) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९(१) बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी लेखाउत्तदायी अधिकृत/कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

(रामचन्द्र पौडेल)
निर्देशक

**बोधार्थ तथा कार्यार्थ:**
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौं :- प्रतिवेदन संलग्न छ ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
लिवाङ, रोल्पा : - प्रतिवेदन संलग्न छ ।



Scanned by CamScanner

## स्थानीय निकायको नाम: गंगादेव गाँउपालिका

| कार्यालय र स्थान: गंगादेव गाउपालिका रोल्पा, प्रदेश नम्बर ५ | पद | नाम | कार्यरत अवधि | | बेरुजू रकम |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| आर्थिक वर्ष: २०७३।०७४ | प्र.प्र.अ | सुरज अर्याल | २०७४.४.१ | २०७४।६।२९ | १२३६०२९९।०० |
| | प्र.प्र.अ | रेवत वहादुर वुढाथोकी | २०७४.७.१४ | हालसम्म | |
| | स.ले.पा | अन्नि प्रसाद लामिछाने | २०७४.४.१ | हालसम्म | |

स्थानीय संचितकोष: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गंगादेव गाँउपालिकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता र स्थानीय सरकार संचालन नभएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७४।०७५ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ।

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | | १ | चालु खर्च | | १०३६१८०७४.३५ |
| | क) नगद | | | २ | पूँजीगत खर्च | | १०४५२११६६.०० |
| | ख) वैंक | | ९१९०३७५.५३ | ३ | वित्तीय व्यवस्था भुक्तानी | | ०.० |
| २ | राजस्व (आन्तरिक आय) | | | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | | १६७७७७३.०० | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | | | ४ | लगानी | | ०.०० |
| ३ | वित्तीय हस्तान्तरण | | | | ऋण लगानी | | |
| | क)वित्तीय समानीकरण अनुदान | | १६८३३१०००.०० | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | | ७१३४१०००.०० | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | | | ५ | धरौटी फिर्ता | | ००.०० |
| | घ) विशेष अनुदान | | | ६ | को.ले.नि.का. फिर्ता | | ५६११२४९.२९ |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | | ७ | मौज्दात | | |
| | क)वित्तीय समानीकरण अनुदान | | | | क) नगद मौज्दात | | |
| | ख) सशर्त अनुदान | | | | ख) बैंक मौज्दात ग ४.१ | | ६०६६१७८८.८९ |
| | ग) समपूरक अनुदान | | | | ग)बैंक मौज्दात ग २.१ | | |
| | घ) विशेष अनुदान | | | | घ) बैंक मौज्दात ग २.२ | | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | ०.०० | | ङ)धरौटी बाँकी | | |
| ६ | वित्तीय व्यवस्था प्राप्ति | | ०.०० | | | | |
| | क) ऋण प्राप्ति | | | | | | |
| | ख) साँवा प्राप्ति | | | | | | |
| | ग) ब्याज प्राप्ति | | | | | | |
| | घ) अन्य प्राप्ति | | | | | | |
| ६ | विभिन्न कोषतर्फको आय | | ०.०० | | | | |
| ८ | जनसहभागिता (नगद) | | ०.०० | | | | |
| ९ | विषयगत निकायबाट प्राप्त रकम | | २५९४४०००.०० | | | | |
| १० | धरौटी आय | | १०५०००.०० | | | | |
| ११ | लगानीको साँवा फिर्ता | | ०.०० | | | | |
| १२ | अन्य विविध आय | | १८२३१३०.०० | | | | |
| | जम्मा | | २७४४१२२७८.५३ | | जम्मा | | २७४४१२२७८.५३ |

Scanned by CamScanner

<table>
<tr><th>दफा नं.</th><th>कोषको लेखापरीक्षण गर्दा देखिएका व्यहोरा निम्नअनुसार रहेका छन् :<br>भौ.नं.।मिति। व्यहोरा</th><th>वेरुजु रकम रु.</th><th>फछ्र्योटको विवरण</th></tr>
<tr><td></td><td>परिचय: स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने गंगादेव गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो गाउँपालिका अर्न्तगत ७ वडा रहेको ३९ सभा सदस्य १२४.३८ व.की.मी. क्षेत्रफल, २३८७१ जनसंख्या प्रदेश नम्बर ५ मा अवस्थित छ । सविक सुकिदह नामाकरण भएको यो गाउँपालिका हाल गंगादेव गाउँपालिका भएको छ ।</td><td></td><td></td></tr>
<tr><td>१.</td><td>आन्तरिक लेखापरीक्षण : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानून वमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्नेछ भन्ने व्यवस्था छ । गाउँपालिकाले यस आर्थिक वर्षको आन्तरिक लेखापरीक्षण गरे गराएको छैन । कानून बमोजिम आन्तरिक लेखापरीक्षण गराउनु पर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>२.</td><td>आन्तरिक नियन्त्रण व्यवस्था : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ मा गाउँपालिकाले आन्तरिक नियन्त्रण कार्यविधि तयार गरी कार्यान्वयन गर्नुपर्ने र अन्य नियमहरु अनुसार आन्तरिक नियन्त्रणका क्रियाकलाप संचालन गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणबाट यस सम्बन्धमा निम्न व्यहोराहरु देखिएका छन् :<br>➢ आन्तरिक आम्दानीमा नगदी रसिद प्रयोग गरेकोमा नगदी रसिद नियन्त्रण खाता नराखेको,<br>➢ वार्षिक लक्ष्य प्रगति विवरण तयार नगरेको,<br>➢ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९१ अनुसारको वार्षिक कार्य सम्पादन प्रतिवेदन तयार नगरेको,<br>➢ सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५ वमोजिम तालुक कार्यालयले निरीक्षण गरेको नदेखिएको,<br>➢ भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ अनुसार भ्रमणबाट फर्केपछि भ्रमण प्रतिवेदन दिने नगरेको,<br>➢ प्राप्त सामान तथा निर्माण कार्यको गुणस्तर परीक्षण नगरेको,<br>➢ मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९ तथा नियमावली, २०५३ को नियम वमोजिम मू.अ.कर भुक्तानी लिने व्यक्ति तथा फर्महरुले कर दाखिला गरेको सुनिश्चित गर्ने सम्बन्धित कर कार्यालयमा मुल्य अभिवृद्धि कर भुक्तानी गरेको जानकरी नपठाएको ।<br>➢ सार्वजनिक खरिद ऐन २०६३ को दफा ४ अनुसार कार्यालयलाई आवश्यक पर्ने मालसामान, निर्माण कार्य, तथा परामर्श सेवाको विवरण तयार गर्नुपर्ने, दफा ६ अनुसार खरिद योजना तयार गरेर मात्र खरिद कार्य गर्नु पर्नेमा खरिद योजना तयार नगरेको,<br>➢ स्वास्थ्य कार्यक्रम संचालन निर्देशिका अनुसार औषधिको लागत अनुमान तयार गर्दा WHO GMP Certified Company वाट उत्पादित औषधिहरुको खुद्रा मूल्यमा १५ प्रतिशत घटाउनुपर्ने व्यवस्था भएकोमा नघटाई तयार गर्ने गरेको,<br>➢ कार्यालयको अभिलेख प्रणालीलाई समयवद्ध बनाउन वित्तीय सूचना प्रणालीलाई पूर्ण रुपमा उपयोग नगरेको ।</td><td></td><td></td></tr>
</table>



Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| ३. | **सेवा प्रवाह :** स्थानीय सरकार संचालन ऐन, २०७४ तथा सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मागर्दशन, २०७५ समेतबाट सेवा प्रवाह सदृढ, पारदर्शी हुनुपर्ने व्यवस्था छ। गाउँपालिका र मातहतका निकायमा ३२ दरवन्दी रहेकोमा २५ को पदपूर्ति नभएको, सेवा संचालनमा विद्युतीय माध्यमको पूर्ण उपयोग नभएको, नागरिक वडापत्र नरहेको, पेश्की फछ्र्यौट समयमै हुन नसकेको, टोकन प्रणाली लागू नगरेको जस्ता कमी कमजोरीहरु देखिएका छन् । उल्लिखित कमजोरीलाई संबोधन गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ । | | |
| ४. | **बैंक हिसाब -** कार्यालयको खाता हिसाव र वैंक हिसाव एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ। गाउँपालिका खर्च खाताको आर्थिक विवरण अनुसार यसवर्षको वित्तीय समानीकरण तर्फ आम्दानी रु.१६८३३१०००।०० र खर्च रु.१२४१८२२४९।६४ भई मौज्दात रु.४४१४८७५०।३६ बाँकी रहेको छ। गाउँपालिकाको समानीकरण अनुदान तर्फको खर्च खाता अनुसार मौज्दात वाँकी रु.४४३०८७५०।३६ देखिएको र सोही रकम वर्षान्तमा स्थानीय तहको संञ्चितकोष खातामा जम्मा गरिएको छ । यसरी स्रेस्ता र वैंक खातामा रहेको बाँकी बीच रु.१६००००।०० फरक परेको छ। कार्यालयले बैंक हिसाब मिलान तयार नगरेकोले फरक पर्नाको कारण पहिचान गरी हिसाव मिलान रु............ | १६००००।०० | |
| ५. | **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ। कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन। लक्ष्य प्रगति विवरण तयार गर्नुपर्दछ। | | |
| ६. | **चौमासिक खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार कुल पुँजीगत खर्च रु.८५६२५२४९।०० मध्ये आषाढमा मात्र रु.३४४७२५०६।०० खर्च गरेको देखिएको छ । यसरी आषाढ मसान्तमा मात्र ४० प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सनतुलित खर्च भएको देखिएन। सरकारी खर्च प्रभावकारी बनाउन योजना वनाई सन्तुलित खर्च गर्नुपर्छ। | | |
| ७. | **राजश्व अभिलेख :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको बास्तविक राजस्व असुली र दाखिला एकिन हुन गर्ने सकिएन। कार्यालयले यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ। | | |
| ८. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिकामा स्वत: हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउँपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत व्यवस्थित रुपमा तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाइएन । जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ। | | |

Scanned by CamScanner

<table>
<tr><td>९.</td><td>बरबुझारथ : मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिकामा समाहित भएका साविकका पाँच गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाँउपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>१०.</td><td>आन्तरिक आय : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय कर सेवा शुल्क तथा दस्तुर, सम्पत्ति कर, घर वहाल कर, घर जग्गा रजिस्ट्रेसन शुल्क, सवारी साधन कर, पयंटन शुल्क, विज्ञापन कर, व्यवसायी कर, मनोरन्जन कर लगाई आन्तरिक स्रोतलाई मजवुत बनाउनु पर्ने उल्लेख छ । गाउँपालिकाले कुल बजेट २३९६२८०००।०० रहेकोमा आन्तरिक स्रोत वापत्त रु.५ लाख १० हजार कुल बजेटको (०.२१ प्रतिशत) परिचालन गर्ने लक्ष्य राखेको छ । मालपोत रजिस्ट्रेसनबाट १२७७७३।०० र अन्य सेवा शुल्क दस्तुरबाट रु.४००२९३।०० लक्ष्यको तुलनामा (३०० प्रतिशत) प्रगति भएको छ । राजस्वको स्रोत र दायरा सम्बन्धमा अध्ययन गरी आन्तरिक आयलाई थप मजवुत बनाउन राजस्व परिचालनमा थप ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td><td></td></tr>
<tr><td>११.</td><td>गुणस्तर परिक्षण: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । कार्यालयले खरिद गरेको मेशिन उपकरण तथा अन्य सामाग्रीको स्पेशिफिकेसन र गुणस्तर परिक्षण गरेको देखिएन । वढी लागत पर्ने र टिकाउ समानको लागत अनुमान वमोजिमको गुणस्तरमा खरिद भएको सुनिश्चित हुन दक्ष प्राविधिकबाट गुणस्तर परिक्षण गर्नु व्यवस्था हुनुपर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>१२.</td><td>कारोवारको लेखा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ तथा ८० मा आर्थिक कारोवारको लेखा राख्नुपर्ने तथा सूचना प्रविधिको प्रयोग गर्नुपर्ने र महालेखा नियन्त्रकको कार्यालयले निशुल्क रुपमा उपलव्ध गराई सवै गाँउपालिका तथा नगरपालिकाहरुले Sub National Tresury Regulatory Application (SuTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले सफ्टवेयर प्रयोग गरी श्रेस्ता राखेको देखिएन । कारोवारको लेखा विश्वसनीय र भरपर्दो बनाउनु पर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>१३.</td><td><u>वित्तिय समानिकरण(चालु) तर्फ :</u><br>तलवी प्रतिबेदन : निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले प्रशासन तर्फका कर्मचारीको तलब रु.३८७०१६५/- खर्च लेखेकोमा तलबी प्रतिबेदन पारित गरेको छैन । तलवी प्रतिबेदन पारित नगरी तलब,ग्रेड र स्थानिय भत्ता भुक्तानी दिदा कर्मचारीहरुले पाउनु पर्ने ग्रेड र स्थानीय भत्ता एकिन हुन नसकेकोले तलबी प्रतिवेदन पारित गरेर मात्र तलव खर्च लेख्नुपर्ने रु........</td><td>३८७०१६५.००</td><td></td></tr>
<tr><td>१४.</td><td>वील भरपाई : अर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा कुनै रकमको भुक्तानी गर्दा रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न व्यक्तिहरुलाई भुक्तानी दिएको रकमको आवश्यक वील भरपाई कागजात पेश नगरेकोले असुल गर्नुपर्ने रु.....<br><table><tr><td>क.स</td><td>भौ.नं र मिति</td><td>नाम थर</td><td>रकम</td></tr><tr><td>२.</td><td>१३४,२०७५।१।१९</td><td>विर वहादुर घर्ति</td><td>३१३५०।००</td></tr></table></td><td>७२७८१.००</td><td></td></tr>
</table>

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| ३. | १६७,२०७५।३।७ | युवराज डाँगी | ४१४३१।०० |
| जम्मा | | | ७२७८१।०० |

**१५.** **वढी भुक्तानी :** (गो भौ नं.२९२, २०७५।३।२७) अर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च सम्बन्धमा व्यवस्था छ । गाउँपालिका स्थित वडा कार्यालयका पदाधिकारीहरु र कर्मचारीहरुलाइ बैठक भत्ता रु २०१६००।०० भुक्तानी दिनुपर्नेमा रु २०८८००।०० भुत्तानी दिएकोले वढी भुत्तानी दिएको रकम असुल गर्नुपर्ने रु... ७२००.००

**१६.** **शिक्षा,युवा तथा खेलकुद तर्फ :**

गाउँपालिकाले शिक्षकहरुको दरवन्दी, अवकाश, मृत्यु र सरुवा भएका शिक्षकहरुको अद्यावधिक गरी लगत किताव खडा गरी नराखेकोले कार्यरत शिक्षकहरुको संख्या एकिन हुन सकेका छैन । विद्यालयले माग फाराम गरेको संख्याको आधारमा गाउँपालिकाले निकासा दिएको छ । गाउँपालिकामा रहेका सबै विद्यालयहरुको शिक्षक दरवन्दी एकिन गरेर मात्र गाउँपालिकाले निकासा दिने तर्फ ध्यान दिनुपर्दछ ।

**१७.** **वढी ग्रेड :** शिक्षा नियमावलीमा व्यवस्था गरे अनुरुपत्र प्रत्येक शिक्षकको पाउने तलव तथा ग्रेड सम्बन्धमा तवली प्रतिवेदन पास गरी यकिन गर्ने र सोही तलवी प्रतिवेदनमा तोकिए वमोजिम तवल तथा ग्रेड भुक्तानी दिनुपर्दछ । गाउँपालिकाले विद्यालयहरुमा निम्न शिक्षकहरुलाइ पहिलो चौंमासीक तलव भत्ता भुत्तानी दिदा ग्रेड रकम वढी भुक्तानी गएकोले नियमानुसार असुल गरी दाखिला गर्नुपर्ने रु..... १४३१२.००

| क.स | पद र नाम | ग्रेड रकम | भुत्तानी ग्रेड रकम | चौमासीक | वढी भुत्तानी |
|---|---|---|---|---|---|
| १. | मा.वि तृतिय भूपेन्द्र कुमार झा | ११४१.०० | ४०६८.०० | पहिलो | ११७०८.०० |
| २. | प्रा. तृतिय गणेश बहादुर वली | १५६६.०० | २२१७.०० | पहिलो | २६०४.०० |

**१८.** **सामाजिक सुरक्षा तर्फ :**

गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण संकलन गरी लगत किताव अद्यावधिक गरी राख्नुपर्दछ र सोहि लगत कितावलाई आधार मानेर वडा कार्यालयहरुलाइ निकासा दिनु पर्दछ । गाउँपालिकाले लगत किताव अद्यावधिक नगरी वा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको संख्या एकिन नगरी वडा कार्यालयलाई निकासा दिएको छ । गाउँपालिकालाई यस वर्ष सामाजीक सुरक्षा भत्ता वितरण गर्न रु.२,०७,२८,०००। बजेट विनियोजन भएकोमा रु.२,०६,८७,२००।०० सम्वन्धित वडा कार्यालयका सचिवहरुवाट भर्पाइ गरी वितरण गरिएको छ। संख्या एकिन नगरी निकासा दिदा यथार्थ लाभग्राहीहरु पहिचान हुन नसक्ने भएकोले गाउँपालिकाले लगत संकलन गरेर मात्र निकासा दिने तर्फ ध्यान दिनुपर्दछ ।

**१९.१** सामाजिक सुरक्षा भत्ता वितरण गर्न गंगादेव गाउँपालिकालाई रु २०६८७२००।०० निकासा भएकोमा रु २०६३०४००।०० वितरण गरेको भर्पाइ पेश भएकोले बाँकी रहेको रु.५६,८००।०० गाउँपालिकाको संचित खातामा जम्मा गरेको छ । उक्त रकम राजस्वमा दाखिला गर्नुपर्ने रु........ ५६८००.००

**२०.** **कन्टेन्जेन्सी तर्फ :**

**वढी भुत्तानी :** अर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा कुनै रकम भुक्तानी गर्दा रित पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न सामानहरु खरीद गर्दा बिलमा तोकिएको रकम भन्दा बढी भुक्तानी दिएकोले

Scanned by CamScanner

उक्त रकम असुल गर्नुपर्ने रु....

| क.स | भौ.नं र मिति | विवरण | भुक्तानी दिनुपर्ने | भुक्तानी दिएको | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १. | ८।०७५।३।११ | विभिन्न सामानहरु खरिद | ३३२२०.० | ८३९०५.० | ५०६८५.० |
| २. | १०।०७५।३।२२ | विभिन्न सामानहरु खरिद | ५०५००.० | ५७८३५.० | ७३३५.०० |
| | | जम्मा | | | ५८०२० |

५८०२०.००

२१. **वित्तीय समानिकरण(पूजिगत तर्फ) :**

**विलभर्पाइ नभएको** : (भौ. नं. १०२, २०७५।३।१) अर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा भुक्तानी गर्दा रित पुगे वा नपुगेको जाँच गरि भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पूर्ण खोप घोषणा कार्यकम अन्तर्गत गाउँपालिकाको वडा नं. ४ मा पूर्ण खोप कार्यक्रम संचालन गर्दा कार्यक्रममा सहभागी भएकाहरुको विवरण सहित,कार्यकम संचालन गरेको प्रमाणीत देखिने कागजात पेश गर्नुपर्ने रु...

३०००००.००

२२. **दोहोरो निकासा (भौ.नं.१०६, २०७५।३।१)** : गाउँपालिकाले भुत्तानी गर्दा रित पुगे वा नपुगेको जाँच गरेर मात्र भुत्तानी दिनुपर्दछ । गाउँपालिकाले पृथ्वी नारायण माध्यमिक विद्यालय जयाचौरलाइ फिल्ड निर्माण योजना कार्यकम अन्तर्गत रकम निकासा दिदा एउटै कार्यसम्पन्न प्रतिवेदन,छलफलको माइन्युट र मूल्याङ्कनको आधारमा एकै प्रकृतिको कार्यकममा दोहोरो निकासा दिएकोले कार्यालय प्रमुखलाई जिम्मेवार बनाई उक्त रकम असुल गर्नुपर्ने रु.....

१०००००.००

२३. **वढी भुक्तानी (भौ.न. ४ मिति २०७५।३।२७)** : साविकको रांक गा.वि.स. ओखरवोटको भो.पु. उपभोक्ता समितिबाट कार्य सम्पन्न भएकोमा प्राविधिकको मूल्याकंनको आधारमा कार्य सम्पन्नमा रु.१६५३३९६।०० मात्र कार्य भएकोमा रु.१६६००००।०० भुक्तानी दिएकोले वढी भक्तानी रु.६६०४।०० असुल गर्नुपर्ने ............

६६०४.००

२४. **ढुवानी कर** : (९८, २०७५।२।३१) आयकर ऐन, २०५८ को दफा ८९ अनुसार रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १० प्रतिशतका दरले वहाल कर कट्टा गर्नुपर्ने व्यवस्था छ । सरस्वती आधारभूत विद्यालय मर्मत गर्नको लागि विभिन्न सामानहरु ढुवानी गरे वापत दिपेन्द्र के.सी. ले ढुवानी भाडा भुक्तानी दिएको रु ४०,०००।०० को नियमानुसार ढुवानी भाडा कट्टि गरी राजस्व दाखिला गर्नुपर्ने रु.......

४०००.००

२५. **वहुक्षेत्रीय पोषण कार्यक्रम** : संघीय प्रणालीमा बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनसम्बन्धी निर्देशन २०७४ अनुसार वहुक्षेत्रिय पोषण कार्यक्रमा पशु स्वास्थ्य सिविर,पशुपक्षिलाई खोप लगाउने, पशुचरणको निम्ति घांसको विउ बीतरण गर्ने,फार्मको स्थापना,दूधवाट विभिन्न परिकार वनाउने , वालकल्ब गठनगर्ने ,स्कुलमा दिबा खाजाको व्यबस्था गर्ने करेसाबारी लगाउने, भ्यक्सीन लगाउने तथा आइरन चक्की खुवाउने जस्ता गर्भअवस्थामा रहेका महिलाहरु र नवजातशिसुहरुको लागि पौष्टिक आहाराको व्यवस्था गर्नु पर्नेमामा वहुक्षेत्रीय पोषण सम्बन्धी कुल वजेट रु.११९६००० मध्ये रु.७९१५०० तपसिल वमोजिमको तालिम, गोष्ठी र अनुगमन तथा भ्रमण शीर्षकमा खर्च भएको देखिन्छ । यसरी लक्षित वग्रले प्रत्यक्ष लाभ हासिल गर्ने कार्यक्रमा भन्दा वढीमात्रामा सेवा प्रदायकलाई फाइदा पुग्ने कार्यक्रममा जोड दिएको देखिएकोले यस्ता कार्यक्रम तर्जुमा गर्दा ध्यान दिनुपर्ने देखिन्छ ।

| भौ.न. | मिति | खर्च शीर्षक | खर्च रकम |
|---|---|---|---|

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| २ | २०७५।२।२ | वैठक भत्ता | १२६५०० |
| ३ | २०७५।२।२० | तालिम | ९६००० |
| ६ | २०७५।३।१२ | तालिम | ७२००० |
| ७ | २०७५।३।१९ | तालिम | ६०००० |
| ८ | २०७५।०३।२२ | दै.भ्र.भत्ता | ३९७००० |
| ९ | २०७५।०३।२४ | वैठक भत्ता | ४०००० |
| | | | ७९१५०० |

२६. **भरपाई (भौ.ने २ मिति २०७५।३।३) :** अर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा कुनै रकम भुक्तानी गर्दा रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पश्चिम नेपाल खानेपानी तथा सरसफाई कार्यक्रमको खानेपानी योजना मर्मत खर्च रु ३०००००।०० मध्ये रु.११८८००।०० को पाईप ओल्डिङ भनि जगधनि घर्तिमगर भपाई गरी बुझाएको देखाएपनि वास्तविक पाइप ओल्डिङ खर्च रु.१८८००।०० मात्र भएकोले वढी खर्च लेखेको रु.१०००००।०० असुल गनुपर्ने रु............ — १०००००.००

२७. **विरुवा वितरण (भौ.न.११ मिति २०७५।०३।१८):** गाउँपालिकाले विरुवा वितरणको लागि रु १२८४०० को विरुवा खरिद गरको छ । गाउँपालिकाले एकै प्रकृतिको विरुवा वितरण कार्यक्रम संचालन गर्ने तर उक्त विरुवा वितरणबाट किसानले लाभ लिए नलिएको, अनुदानमा वितरण भएका विरुवाको अवस्था त्यसेले उत्पादनमा दिएको योगदान लगायत पक्षलाई ध्यान दिई अनुगमन तथा निरीक्षण गर्ने गरेको देखिएन । विरुवा वितरणमा गरिने खर्चकै आधारमा मात्र उक्त खर्चको औचित्य पुष्टी नहुने हुँदा निरन्तर अनुगमन गरी अनुदानको प्रभावकारी सदुपयोगमा जोड दिनुपर्ने देखिन्छ । यसका केही उद्दाहरण निम्न छन् ।

| विरुवाको जात | परिमाण | दर | जम्मा |
|---|---|---|---|
| सुन्तलाको विरुवा | ७७०० | २० | १५४००० |
| कागतीको विरुवा | ६५०० | २० | १३०००० |

२८. उपभोक्ता अशं : सार्वजनिक खरिद नियमावली नियम ९७(३) मा उपभोक्ता समितिबाट काम गराउँदा सार्वजनिक निकाय र उपभोक्ता समिति वीच सम्झौत गर्नुपर्ने र त्यस्तो सम्झौतामा उपभोक्ता समिति र लाभग्राही समुदायले गर्नुपर्ने योगदान यकिन गर्ने व्यवस्था छ । गाउँपालिकाले मोटरबाटोहरु निमार्णमा उपभोक्ता समिति सँग सम्झौता गर्दा २० प्रतिशत सम्म उपभोक्ताबाट व्यहोनी गरी सम्झौता भएको छ । सोही नियमको उपनियम ११ वमोजिम निमार्ण कार्य सम्पन्न गरिसकेपछि निकायले खटाएको प्राविधिकबाट त्यस्तो कामको जाँचपास गराई निकायबाट प्राप्त रकम र जनसाहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण पेश गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा पेश भएको कार्य सम्पन्न प्रतिवेदनमा लागत अनुमान भन्दा कम परिमाणमा कार्य सम्पन्न भएकोमा सोही वमोजिम अनुदान रकम र उपभोक्ताको योगदान रकमवीच समायोजन गरी भुक्तानी गर्नुपर्नेमा सम्झौतामा भन्दा उपभोक्ताको योगदान प्रतिशतमा घटीहुने गरी भुक्तानी दिएको रु.१५८०६३०।०० सम्बन्धित प्राविधिकलाई जिम्मेवार ठहराई असुल गर्नुपर्ने रु..... — १५८०६३०.००

Scanned by CamScanner

| भौ नं. मिति | योजना ।उपभोक्ता समितिको नाम | कार्यसम्पादन रकम | २० प्रतिशतले हुने उपभोक्ताको योगदान | भूक्तानी योग्य रकम | भुक्तानी भएको रकम | वढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ८४/०७५.२.२० | पोखरा वजार जनता आधारभुत्त विवाङ चौर विद्यालय | ८६५९८५ | १७३१९७ | ६९२७८८ | ८००००० | १०७२१२ |
| ८६/०७५.२.२१ | मावि घुम्टेजुोडा फिल्ड निमार्ण | ५९८८६० | ११९७७२ | ४७९०८८ | ५५०००० | ७०९१२ |
| ८५/०७५/०२/२० | घरविर स्कुल डाडागाउँ मोटर बाटो | १५९३३७४ | ३१८६७४.८ | १२७४६९९.२ | १६८९८३८ | ४१५१३९ |
| ८७/०७५/२/२१ | चाक्लेपाताला माग्रा गाउँ रातामाटा | ६१२४४५ | १२२४८९ | ४८९९५६ | ५००००० | १००४४ |
| २११/०७५/३/२५ | खोयोखोला खतेरी चाक्ले पातल | १०८४७४८ | २१६९४९.६ | ८६७७९८.४ | ९६०००० | ९२२०१.६ |
| १७२/०७५/०३/१९ | दहवाङ खानीखोला मो.वा. | ८४६२०५ | १६९२४१ | ६७६९६४ | ७६८००० | ९१०३६ |
| २०८/०७५/३/२८ | दहवाङ झमरखोला गजले रातामाटा मो.वा. | ८६६०९४ | १७३२१८.८ | ६९२८७५.२ | ७५६६०० | ६३७२४.८ |
| १०९/०७५/३/०१ | मलेखोला दलसिङे मो.वा. वडा न ६ | ९४५७४५ | १८९१४९ | ७५६५९६ | ८१६७४५ | ६०१४९ |
| ११४/०७५/०३/०३ | जायचौर लाखरीचौर फुलवास मो.वा. | १५८९५१९ | ३१७९०३.८ | १२७१६१५.२ | १४४०००० | १६८३८५ |
| ८०/०७५/२/२० | ढोगारी डाँडा वाफु जितेमारे स्यालाखोला मो.वा. | ११५७९३६ | २३१५८७.२ | ९२६३४८.८ | ९६०००० | ३३६५१.२ |
| ८३/०७५/०२/२० | ओता खाती गाउँ राङजी वाङ सुखावडा मो.वा. | २६७८२७४ | ५३५६५४.८ | २१४२६१९.२ | २६१०७९५ | ४६८१७६ |
| | जम्मा | | | | | १५८०६३०.६ |

२९. **सवारी साधन खरिद** - (६, २०७४।११।१५) गंगादेव गाउँपालिकाले एकल बोर्डको निर्णयवाट ब्याकहो लोडर खरिद गरेको देखिन्छ । २०७४।८।२३ मा सिलबन्दी बोलपत्र आव्हान गरेर आई.एम.ई.अटोमोटिभ्स् काठमाण्डौवाट फागुन १५, २०७४ मा रु.३९,००,०००।०० मा खरिद गरेकोमा उक्त लोडर वैशाखबाट मात्र संचालनमा आएको देखिन्छ । गाउँपालिकाले आफ्नो स्वामित्वमा लोडर खरिद गरेपनि सबै मोटरबाटो निमार्णको जिम्मा उपभोक्तालाई दिएको र उक्त आ.व.मा कुनै आयोजनामा पनि लोडर उपयोग भएको देखिएन । लोडरको उपयोग नभएकोले गाउँपालिकाले यसको पूर्ण उपयोग गरी आन्तरिक आय वढाउनुपर्छ ।

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| ३०. | **पेश्की तर्फ :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । गंगादेव गाउँपालिको निम्न व्यक्तिलाई पेश्की दिएको रकम हालसम्म फछ्र्यौट नभएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु... | २९००००.०० | |
| ३१. | **बेरुजू फछ्र्यौटको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८(२) बमोजिम अन्तिम लेखापरीक्षणबाट कायम भएको बेरुजु असूल फछ्र्यौट गर्नु पर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त संक्षिप्त आर्थिक वार्षिक प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७४।०७५ सम्मको म.ले.प. को बेरुजू बाँकी रु.३,३१,७६,६२४।३६ देखिएको छ । जसमध्ये पेश्कि रु.३,२८,९६,२४९।३६ रहेकोमा लेखापरीक्षणको क्रममा सम्परीक्षणको लागि पेश्कि वेरुजु रु.२,७१,५६,४६२।३६ र अन्य रु.२,६६,२५७०० गरी जम्मा रु.२,७४,२२,७१९।३६ अनुरोध गरेकोमा उक्त रकम सम्परीक्षण गरीएको छ । बाँकी वेरुजु रु.५७५३९०५।०० सम्बन्धमा आर्थिक कार्यविधि नियमावली अनुसार समयमै फछ्र्यौट गर्नेपर्फ ध्यान दिनुपर्ने देखिन्छ । | | |

| क.स | पेश्की लिएको मिति | आ.व | पेश्की लिने व्यक्ति , फर्म वा संस्था | विवरण | रकम |
|---|---|---|---|---|---|
| १ | ०७४.९.१९ | ०७४।०७५ | सि.अ.हे.व.सक्कल देव यादव | नि:शुल्क औषधी खरिद | २९००००.०० |

| क.स | आ.व | वेरुजु दफा नं | वेरुजुको व्यहोरा | फछ्र्योटको | रकम |
|---|---|---|---|---|---|
| १ | ०७३।०७४ | ९.१ | अग्रिम आयकर | बैंक दाखिला | ३१४५।०० |
| २ | ०७३।०७४ | १०.१ | अग्रिम आयकर | बैंक दाखिला | ३११८।०० |
| ३ | ०७३।०७४ | ९.२ | पारिश्रमिक कर | कर दाखिला प्रमाण | ११४८८०।०० |
| ४ | ०७३।०७४ | १०.२ | पारिश्रमिक कर | बैंक दाखिला | १५८८२।०० |
| ५ | ०७३।०७४ | ११.१ | अग्रिम आयकर | बैंक दाखिला | २८४९।०० |
| ६ | ०७३।०७४ | ११.२ | पारिश्रमिक कर | कर दाखिला प्रमाण | १०५८८०।०० |
| ७ | ०७३।०७४ | १२.१ | अग्रिम आयकर | बैंक दाखिला | २०५०३।०० |
| | | | असुली जम्मा | | २६६२५७०० |
| १ | ०७३।०७४ | ८ | पेश्कि वेरुजु | प्रमाण पेश | ६३११३२४।८३ |
| २ | ०७३।०७४ | ८ | पेश्कि वेरुजु | प्रमाण पेश | ७३९१०६९।३३ |
| ३ | ०७३।०७४ | ८ | पेश्कि वेरुजु | प्रमाण पेश | १२२०००।०० |
| ४ | ०७३।०७४ | ८ | पेश्कि वेरुजु | प्रमाण पेश | ५४२८४६०।२० |
| ५ | ०७३।०७४ | ८ | पेश्कि वेरुजु | प्रमाण पेश | ७६६४३३४।०० |
| ५ | ०७३।०७४ | ८ | पेश्कि वेरुजु | प्रमाण पेश | २२८८७४।०० |
| ७ | ०७३।०७४ | ८ | पेश्कि वेरुजु | बैंक दाखिला | १०४००।०० |
| | | | पेश्की जम्मा | | २७१५६४६२।३६ |

| | | | |
|---|---|---|---|
| ३२. | **पेश्कि असुल :** गाउँपालिकाले सम्परीक्षण पेश गरी वाँकी रहेको पेश्की जम्मा रु.५७३९७८७०० मध्ये दफा नम्वर ३३ मा वेरुजु कायम गरिएको रु.२९५१५० घटाउँदा रु.५४४४६३७ पेश्कि वाँकी हुनुपर्नेमा कार्यालयले आ.व.२०७३।७४ को पेश्कि वाँकी भनी रु.४४१४१७२।०० (पेश्किको नाम नामेसी दफा ३३ खुलाएको) मात्र विवरण पेश गरेको ले नपुग पेश्कि रु.१०३०४६५।०० सम्बन्धमा छानविन गरी संञ्चित कोषमा दाखिला गर्नुपर्ने रु..... | १०३०४६५.०० | |
| ३३. | गंगादेव गाउँपालिका वडा नं.६।७ (साविक राँक गाविस वडा नं. ७) को खाता नं.०७६००१०६३८३९५६००००००७ मा पेश्कि बाँकी भनी देखाएको रकम साविकको गा.वि.स. खाता वन्द भएपनि हाल सम्म गाउँ पालिको संचितकोषमा दाखिला नगरेकोले सम्बन्धित खाता संचालकलाई जिम्मेवार वनाई उक्त रकम सञ्चितकोषमा गर्नुपर्ने रु............... | २९५१५०.०० | |
| ३४. | **पेश्की(विगत) :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । गंगादेव गाउँपालिका अन्तर्गत साविक गाउँ विकास समितिको कार्यालयका निम्न व्यक्तिहरुलाइ विगत वर्ष देखि पेश्की दिएको रकम हालसम्म फछ्र्यौट नभएकोले नियमानुसार असुल फछ्र्यौट गर्नुपर्ने रु... | ४४१४१७२.०० | |

| क.स | पेश्की लिएको मिति | आ.व | पेश्की लिने व्यक्ति , फर्म वा संस्था | विवरण | रकम |
|---|---|---|---|---|---|
| | साविक पाखापानी गाउँ विकास समिति तर्फ | | | | |
| १ | ०७४।३।२६ | २०७३।७४ | चन्द्र वहादुर वली | नसरी वीउ विरुवा खरिद | २४५४१२।०० |
| | साविक पाखापानी गाउँ विकास समिति तर्फ: | | | | |
| २ | | ०७३।०७४ | ने.रा.मा.वि सिमखोला | तलव | १५५६००.० |
| ३ | | ०७३।०७४ | ने.रा.मा.वि सिमखोला | कार्यकम | २५००००.० |
| ४ | | ०७३।०७४ | चन्द्री बुढा | कार्यकम | ४१५४९.०० |
| | साविक ओत गाउँ विकास समिति तर्फ: | | | | |
| ५ | | ०७३।०७४ | भागीराम पुन | घो.वा निर्माण | २००००.० |
| ६ | | ०७३।०७४ | भक्त बहादुर घर्ती | घो.वा निर्माण | २००००.० |
| ७ | | ०७३।०७४ | तिलकराम घर्ती | घो.वा निर्माण | ३५०००.० |
| ८ | | ०७३।०७४ | डिल वहादुर वली | घो.वा निर्माण | २८७९७०.० |
| ९ | | ०७३।०७४ | दलित सामुदायीक विकास मञ्च | सशक्तिकरण | ३२०००.० |
| १० | | ०७३।०७४ | हरी प्रसाद घर्ती | खेलकुद | ३००००.० |
| ११ | | ०७३।०७४ | चन्द्र वहादुर वली | क्षमता विकास | ६९३९५.० |
| | साविक जिनाबाङ गाउँ विकास समिति तर्फ: | | | | |
| १२ | ०७४.३.३१ | ०७३।०७४ | खगेन्द्र जन प्रा.वि | बालबालिका कार्यकम | ४१९९३.० |
| १३ | ०७४.३.३१ | ०७३।०७४ | सिर्जनशिल नव युवा प्रतिभा क्लव | महिला सीप विकास,झोपुर खा.पा.मर्मत | ९०६४३७.० |
| १४ | ०७४.३.३१ | ०७३।०७४ | पातिहाल्ना मो.वा.उ.स | मो.वा. निर्माण तथा मर्मत | ३०००००.० |
| १५ | ०७४.३.३१ | ०७३।०७४ | शिवनाथ शर्मा | बोयर बोका खरीद | २५९८५०.० |
| १६ | ०७४.३.३१ | ०७३।०७४ | भरत डाँगी | सिचाइ पोखरी निर्माण | १५१६१७.० |
| १७ | | ०७३।०७४ | भरत डाँगी | कार्यकम | ४५०००.० |
| १८ | | ०७३।०७४ | राम बहादुर पुन | मो.वा मर्मत | ५००००.० |
| १९ | | ०७३।०७४ | राम बहादुर पुन | कार्यकम | ५०४००.० |

Scanned by CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| २० | | ०७३।०७४ | रातामाटा सामुदायीक वन | कार्यक्रम | ५००००.० |
| २१ | | ०७३।०७४ | राम बहादुर पुन | कार्यक्रम | १०००००.० |
| २२ | | ०७३।०७४ | राम बहादुर पुन | कार्यक्रम | १२१७००.० |
| २३ | | ०७३।०७४ | भिम बहादुर वली | मन्दिर निर्माण | ५००००.० |
| सावि‍क राँक गाउँ विकास समिति तर्फ: | | | | | |
| २४ | | ०७३।०७४ | राँक गाविस स्तरीय खानेपानी तथा सरसफाइ | पूर्ण सरसफाई कार्यक्रम | ५७२२००.० |
| २५ | | ०७३।०७४ | राँक स्वास्थ्य चौकी | वालविवाह न्युनिकरण | १०००००.० |
| २६ | | ०७३।०७४ | दलित जनजागरण समूह | बाजा खरीद | २१४५७५.० |
| २७ | | ०७३।०७४ | कल्पना वली | सिलाई कटाई | ११८०००.० |
| २८ | | ०७३।०७४ | कुसल कामी | कार्यक्रम | ९५४७४.० |
| जम्मा | | | | | ४४१४१७२.०० |

**आ.व.२०७३।७४ सम्मको को पेश्की सम्परीक्षणको लागि पेश भएकोमा पेश्की फछ्र्यौट गर्दा निम्न वमोजिम व्यहोरा देखिएको छ ।**

३५. **गंगादेव गाउँपालिका वडा नं ६ र ७ (साविक राँक गा.वि.स)तर्फ :**

**विल वेगर भुक्तानी :** (१७, ०७४।३।२९) अर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा कुनै रकमको भुत्तानी गर्दा रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गा.वि.स स्तरीय खानेपानी तथा सरसफाई युवा समितिलाइ कार्यक्रम संचालन गर्न भुक्तानी दिएको रकमको बिल भर्पाइ सहित कार्यक्रम संचालन गरेको प्रमाण पेश नभएकोले असुल गर्नुपर्ने रु...... ५७२२००.००

३६. **कार्यसम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार संम्झौतामा उल्लेखित अवधिभित्र कार्यसम्पन्न गरी प्रतिवेदन तयार गर्नुपर्ने ब्यबस्था छ । साविक राँक गा.वि.स कार्यालयवाट बाटो निर्माण कार्य तोकिएको समय भित्र सम्पन्न गर्ने गरी सम्झौता भएकोमा सम्पन्न भएको छैन । गा.वि.समितिले तोकिएको स्वीकृत कार्यक्रम अनुसार कार्यसम्पन्न प्रतिवेदन तयार नभएकोले असुल गर्नुपर्ने रु.... १४३०५०.००

३७. **वित्तीय जवाफदेहिता :** सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ आर्थिक कार्यविधि ऐन, २०५५ तथा नियमावली, २०६४ एवं लगायतका प्रचलित कानून बमोजिम व्यवस्थापकीय, वित्तीय, सेवा प्रवाह तथा विकास निर्माण कार्यका सम्बन्धमा ध्यान दिनुपर्ने व्यवस्था छ । तोकिएका सूचकका आधारमा परीक्षण गर्दा कार्यालयले ग्रेड "सी" प्राप्त गरेकोले व्यवस्थापकीय, वित्तीय, सेवा प्रवाह जस्ता सूचकमा सुधार गर्नुपर्ने देखिएकोले कार्यालयले आवश्यक पहल गरी कार्य संचालन गर्नुपर्दछ ।

३८. **अद्यावधिक बेरुजु स्थिति :** गंगादेव गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) | यो वर्ष थप कायम बेरुजु रु. | बाँकी (आगामी वर्षलाई जिम्मेवारी सरेको) |
|---|---|---|
| ५७५३९०५.०० | ६६०६३९४.०० | १२३६०२९९.०० |

उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण असुल फछ्र्यौट गरिनुपर्दछ ।

Scanned by CamScanner